# तपाईंको परिवारको नागरिक स्वास्थ्य बिमा शुल्क भुक्तानी भएको छैन।

## भुक्तानी म्यादसम्ममा भुक्तानी गर्नुहोस्। भुक्तानी म्याद बितेपछि पनि बिमा शुल्क भुक्तानी नगरिएको खण्डमा, कानुन बमोजिम प्रशासनिक कारबाही गरिने अवस्थाहरू आउन सक्छन्।

※तपाईंले भुक्तानी गरिसक्नुभएको छ भने, तपाईंले भुक्तानी गर्नु र हामीले पत्र पठाउनु एकै समयमा भएको हुन सक्ने हुनाले यसलाई अन्यथा नलिनुहोला।
※यो ताकेता पत्र वितिय संस्थानमा प्रयोग गर्न सकिँदैन।
※ताकेता पत्रको अगाडिको पृष्ठमा बारकोडको प्रिन्ट नभएको खण्डमा, यसै पत्र सँगै पठाइएको भुक्तानी पत्र प्रयोग गर्नुहोस् वा सम्बन्धित शाखामा सम्पर्क गर्नुहोस्।

◎यो पत्र र ताकेता पत्र तुलना गर्दै पक्का गर्नुहोस्।

नागरिक स्वास्थ्य बिमा शुल्क भुक्तानीको दायित्व घरमूलीमा हुन्छ। घरमूली सामाजिक बिमा आदिमा आबद्ध भएको भए तापनि, परिवारको सबै बीमितहरूको बिमा शुल्क घरमूलीसँग माग गरिनेछ।

भुक्तानी पत्र तथा भुक्तानी गरिएको सूचना पत्र | वित्तिय संस्थानमा भुक्तानी गर्न सकिँदैन।

| | |
|---|---|
| नगरपालिका कोड | 1 3 1 1 6 4 |
| सदस्य | तोसिमा सहर लेखा व्यवस्थापक |
| भुक्तानी रकम | |
| भुक्तानी दायित्व भएको व्यक्ति | |
| सूचना पत्र नम्बर | |

●पछाडिको पृष्ठमा लेखिएको "भुक्तानी गर्न सकिने ठाउँ र भुक्तानी विधिहरू" अनुसार भुक्तानी गर्नुहुन अनुरोध गर्दछौं। (वित्तीय संस्थाको काउन्टरमा भुक्तानी गर्न सकिँदैन)
●तल बारकोड प्रिन्ट नभएको खण्डमा कम्बिनी, मोबाइल रेजिष्टर र इलेक्ट्रोनिक मनीद्वारा भुक्तानी गर्न नसकिने हुनाले यसै पत्र सँगै पठाइएको भुक्तानी पत्र प्रयोग गर्नुहोस् वा नागरिक स्वास्थ्य बिमा शाखामा सम्पर्क गर्नुहोस् ।

CVS सङ्कलनको लागि

※रकम सच्याइएको खण्डमा वा बारकोड प्रिन्ट नभएको खण्डमा र बारकोड रिडिङ नभएको अवस्थामा, कम्बिनी, मोबाइल रेजिष्टर र इलेक्ट्रोनिक मनीद्वारा भुक्तानी गर्न सकिनेछैन।

←कम्बिनीमा भुक्तानी गर्ने खण्डमा, बायाँपट्टि भएको डटडट लाइनबाट टुक्रा पारेर कम्बिनीमा लिएर जानुहोस् ।

◎तपाईंले बैंक ट्रान्सफर प्रयोग गरिरहनुभएको छ र बैंक ट्रान्सफर मितिमा तपाईंको खाताबाट ताकेता गरिएको महिनाको रकम निकालिने योजना गरिएको छ भने, दोहोरो भुक्तानी हुन नदिनको लागि यो ताकेता पत्रद्वारा भुक्तानी नगर्नुहोस्।

| | |
|---|---|
| सङ्कलन कम्पनी | NTT डाटा कम्पनी लिमिटेड |
| जिम्मेवार शाखाको नाम (सम्पर्क) | तोसिमा सहर नागरिक स्वास्थ्य बिमा शाखा 03 (3981)1111 (प्रमुख लाइन) |

प्राप्त मितिको छाप

(कम्बिनी मुख्यालय प्रति)

टुक्रा नपारीकन कम्बिनीमा लिएर जानुहोस्।

वित्तीय संस्था प्रति

| |
|---|
| नगरपालिका कोड |
| 1 3 1 1 6 4 |
| सदस्य |
| तोसिमा सहर लेखा व्यवस्थापक |
| भुक्तानी रकम |
| |
| भुक्तानीदायित्वभएकोव्यक्ति |
| |
| सूचना पत्र नम्बर |
| |
| जिम्मेवार शाखाको नाम |
| तोसिमा सहर नागरिक स्वास्थ्य बिमा शाखा |

(फोन)
03 (3981)1111(प्रमुख लाइन)

प्राप्त मितिको छाप

(कम्बिनी पसल प्रति)

टुक्रा नपारीकन कम्बिनीमा लिएर जानुहोस्।

ताकेता पत्र तथा रसिद

तपाईंले भुक्तानी गर्नुपर्ने नागरिक स्वास्थ्य बिमा शुल्क निम्न अनुसार भुक्तानी भएको छैन। भुक्तानी म्यादसम्ममा भुक्तानी गर्नुहोस्।

| सूचना पत्र नम्बर | |
|---|---|
| आर्थिक वर्ष | महिना |
| | |
| रकम | भुक्तानी म्याद |
| | |

भुक्तानी म्यादसम्ममा बिमा शुल्क भुक्तानी निश्चय गर्न नसकिएको परिवारलाई कानुन बमोजिम यो ताकेता पत्र पठाइएको छ। तपाईंले भुक्तानी म्याद पछि भुक्तानी गरिसक्नु भएको छ भने, तपाईंले भुक्तानी गर्नु र हामीले पत्र पठाउनु एकै समयमा भएको हुन सक्छ। यसलाई अन्यथा नलिनुहोला।

◎बैंक ट्रान्सफर प्रयोग गरिरहेको परिवार र किस्तामा भुक्तानी गरिरहेको परिवारलाई पनि ताकेता पत्र पठाइएको छ।
◎परिवारको सदस्य आबद्ध भएको खण्डमा, बिमा शुल्क भुक्तानी गर्ने दायित्व घरमूलीमा हुन्छ।

सम्पर्क गर्ने ठाउँ
(जिम्मेवार शाखा)
तोसिमा सहर नागरिक स्वास्थ्य बिमा शाखा
(फोन)
03 (3981)1111 (प्रमुख लाइन)
(समय)
सोम ~ शुक्र 8:30 ~ 17:00

सङ्कलन कम्पनी : NTT डाटा कम्पनी लिमिटेड

(2 वर्ष भण्डारण गर्नुहोस्।)

रसिद
माथि लेखिएको रकम प्राप्त भयो।

प्राप्त मितिको छाप

राजस्व टिकट आवश्यक छैन

(ग्राहक प्रति)

यो भुक्तानी नभएको चरण (अवधि) र रकम हो। भुक्तानी म्यादसम्ममा भुक्तानी गर्नुहोस्।

यहाँ बारकोडको प्रिन्ट नभएको खण्डमा, यसै पत्र सँगै पठाइएको भुक्तानी पत्र प्रयोग गर्नुहोस् वा सम्बन्धित शाखामा सम्पर्क गर्नुहोस्।

## तुरुन्तै खोलेर भित्र लेखिएको कुरा पढ्नुहोस्।

कार्यस्थल आदिको अन्य स्वास्थ्य बिमामा आबद्ध भएको खण्डमा, नागरिक स्वास्थ्य बिमा छोड्ने प्रक्रिया, तपाईं आफैले नगरीकन हुँदैन। (तोसिमा सहर र कार्यस्थलद्वारा स्वचालित रूपमा प्रक्रिया गरिँदैन)

- हुलाक, इन्टरनेट र काउन्टरमा प्रक्रिया गर्न सकिन्छ।
- छोड्नुपर्ने कारण उत्पन्न भएको मितिदेखि 14 दिन भित्र प्रक्रिया गर्नुहोस्।
- प्रक्रिया गर्न ढिलाई भएमा, छोडिसकेको हुनुपर्ने अवधिको नागरिक स्वास्थ्य बिमा शुल्क परिवर्तन गर्न नसकी, भुक्तानी दायित्व बाँकी रहने अवस्थाहरू हुन सक्छन्।

नागरिक स्वास्थ्य बिमामा आबद्ध हुने बेला, छोड्ने बेला र अन्य आवेदनहरूको लागि (तोसिमा सहर कार्यालयको होमपेज)

【जिम्मेवार कर्मचारी】 तोसिमा सहर कार्यालय नागरिक स्वास्थ्य बिमा शाखा योग्यता तथा बिमा शुल्क समूह

काउन्टर खुला समय: सोम~ शुक्र 8:30 ~ 17:00
महिनाको दोस्रो आइतबार 9:00 ~ 17:00 (भुक्तानी कार्यालय बाहेक)
※महिनाको दोस्रो आइतबार बाहेकका आइतबारहरू, सार्वजनिक बिदा र शनिबार काउन्टर बन्ध रहनेछ। साथै नोभल कोरोना भाइरसको संक्रमण फैलिनबाट रोक्न आदिको लागि महिनाको दोस्रो आइतबार काउन्टर खुला (समय आदि) परिवर्तन हुने अवस्थाहरू पनि हुन सक्छन्।

यहाँबाट बिस्तारै उक्काउनुहोस्।

हुलाक पोस्टकार्ड

सामाजिक बिमा आदिमा आबद्ध भएको खण्डमा, नागरिक स्वास्थ्य बिमा छोड्ने प्रक्रिया गर्नुपर्नेछ।

【भुक्तानी गर्न सकिने ठाउँ र भुक्तानी विधिहरू】 वितिय संस्थानमा भुक्तानी गर्न सकिँदैन।

①कम्बिनी (हिरागानाको क्रम अनुसार)
※भुक्तानी गर्न सकिने पसलहरू परिवर्तन हुने अवस्थाहरू पनि हुन्छन्।
♦कुरासी हाउस ♦श्री ऐट ♦सेइकाचु साइका
♦सेभेन इलेभेन ♦डेली यामाजाकी / न्यू यामाजाकी डेली स्टोर
♦फ्यामेली मार्ट ♦पोपुरा मिनी स्टप ♦यामाजाकी स्पेशल पार्टनर सप
♦यामाजाकी डेली स्टोर ♦लसन
②MMK उपलब्ध पसलहरू
③मोबाइल रेजिष्टर (पाकेट सञ्चार शुल्क र प्रक्रिया शुल्क लाग्छ)
④इलेक्ट्रोनिक मनी (पाकेट सञ्चार शुल्क लाग्छ)
※③ र ④को विस्तृत जानकारीको लागि तोसिमा सहर कार्यालयको होमपेजमा हेर्नुहोस्

भुक्तानी विधि (तोसिमा सहर कार्यालयको होमपेज)

※तोसिमा सहर कार्यालयको रकम भुक्तानी काउन्टर, पूर्व र पश्चिम निवासी कार्यालयमा भुक्तानी गर्ने खण्डमा, नागरिक स्वास्थ्य बिमा शाखा अथवा पूर्व र पश्चिम निवासी कार्यालयमा पुनः भुक्तानी पत्र जारी गरी भुक्तानी गर्नुहोस्।

सामान्यतया तोसिमा सहर नागरिक स्वास्थ्य बिमा शुल्कको भुक्तानी "बैंक ट्रान्सफर" द्वारा गर्नुपर्छ।

- भविष्यमा भुक्तानी गर्न नबिर्सने गरी भुक्तानी विधि बैंक ट्रान्सफर (स्वचालित भुक्तानी) मा परिवर्तन गर्नुहोस्।
- बैंक ट्रान्सफर अनुरोध पत्र पठाइने हुनाले, नागरिक स्वास्थ्य बिमा शाखाको खातासँग सम्बन्धित कर्मचारीलाई सम्पर्क गर्नुहोस्।

बैंक ट्रान्सफर द्वारा भुक्तानी (तोसिमा सहर कार्यालयको होमपेज)

भुक्तानी म्यादसम्ममा भुक्तानी गर्न नसक्ने अवस्थामा, भुक्तानी योजनाबारे सल्लाह गर्नुहोस्।

【जिम्मेवार कर्मचारी】
तोसिमा सहर कार्यालय नागरिक स्वास्थ्य बिमा शाखा व्यवस्थापन सङ्कलन समूह फोन 03-3981-1294 (डाइरेक्ट लाइन)
विशेष व्यवस्थापन समूह फोन 03-3981-1295 (डाइरेक्ट लाइन)

For Foreign Languages

English | 中国語 | Tiếng việt | नेपाली | မြန်မာဘာသာစကား

## ताकेता पत्र

तपाईंले भुक्तानी म्यादसम्ममा भुक्तानी गर्नुपर्ने नागरिक स्वास्थ्य बिमा शुल्क भुक्तानी गर्नुभएको छैन। यो ताकेता पत्रमा तोकिएको भुक्तानी म्यादसम्ममा भुक्तानी गर्नुहोस्

भुक्तानी म्यादसम्ममा भुक्तानी नगरिएको खण्डमा, कानुन बमोजिम सम्पत्ति छानविन गरी म्याद भित्र भुक्तानी नगरे बापतको सजाय (जफत आदि) गरिने अवस्थाहरू हुन्छन्।

यो कारबाही चित्त नबुझेमा, तपाईंलाई यो कारबाहीबारे थाहा भएको दिनको भोलिपल्टदेखि गन्ती गरी 3 महिना भित्र, टोक्यो महानगरपालिकाको नागरिक स्वास्थ्य बिमा छानबिन परिषद् (टोक्यो महानगरपालिका कार्यालय भित्र) मा छानबिन माग गर्न सकिनेछ। (तपाईंलाई यो कारबाही गरिएको कुरा थाहा भएको दिनको भोलिपल्टदेखि गन्ती गर्दा 3 महिना भित्र परे तापनि, यो कारबाही गरिएको दिनको भोलिपल्टदेखि गन्ती गर्दा 1 वर्ष बितिसकेको भएमा, छानबिन माग गर्न सकिँदैन।)

माथि 1 को छानबिनको निर्णय भएको खण्डमा मात्र, सम्बन्धित छानबिन मागको निर्णय गरिएको कुरा थाहा भएको दिनको भोलिपल्टदेखि गन्ती गरी 6 महिना भित्रमा तोसिमा सहरलाई प्रतिवादी बनाई (मुद्दामा तोसिमा सहरको प्रतिनिधित्व गर्ने व्यक्ति तोसिमा सहर प्रमुख हुनेछ।) कारबाही रद्द गर्नको लागि मुद्दा दायर गर्न सकिन्छ(तपाईंलाई सम्बन्धित निर्णय भएको कुरा थाहा भएको दिनको भोलिपल्टदेखि गन्ती गर्दा 6 महिना भित्र परे तापनि, सम्बन्धित निर्णय भएको दिनको भोलिपल्टदेखि गर्दा 1 वर्ष नाघिसकेपछि कारबाही रद्दको मुद्दा दायर गर्न सकिँदैन।) तर तलको ① देखि ③ मध्येको कुनै एकमा परेमा, छानबिन मागको निर्णय बिना नै कारबाही रद्दको लागि मुद्दा दायर गर्न सकिन्छ।

①छानबिन माग गरेको दिनको भोलिपल्टदेखि गन्ती गर्दा 3 महिना बितेपनि निर्णय नभएको बेला।
②कारबाही, कारबाहीको कार्यान्वयन अथवा प्रक्रियालाई निरन्तरता दिँदा हुन सक्ने ठूलो क्षतिबाट जोगिनुपर्ने आपत्कालिन आवश्यकता भएको बेला।
③अन्य निर्णय आवश्यक नपर्ने जायज कारण भएको बेला।

यहाँ लेखिएको ठाउँ र विधिद्वारा भुक्तानी गर्नुहोस्।